# लोक सेवा आयोग

## राजपत्राङ्कित द्वितीय श्रेणी, उपसचिव वा सो सरह (अप्राविधिक) पदको आन्तरिक प्रतियोगितात्मक (संयुक्त) लिखित परीक्षा

२०७६/९/१९

समय :- ३ घण्टा पूर्णाङ्क :- १००

### पत्र :- प्रथम

### विषय :- प्रशासन र व्यवस्थापन

**तलका प्रश्नहरूको उत्तर बेग्लाबेग्लै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।**

१. सार्वजनिक खर्चको कुशल, समन्यायिक र नतिजामूलक व्यवस्थापनका माध्यमबाट मात्र उच्च आर्थिक वृद्धि हासिल गर्न सकिन्छ । नेपालमा विगत केही वर्षदेखि खर्च प्रणालीमा नीतिगत, प्रक्रियागत एवम् प्रविधिजन्य सुधार गर्ने प्रयास गरिदै आएको भएपनि सार्वजनिक खर्च व्यवस्थापन अझै पनि प्रभावकारी हुन सकेको देखिदैन । यस सन्दर्भमा सार्वजनिक खर्च व्यवस्थापनको सैद्धान्तिक अवधारणाको विश्लेषण गर्दै नेपालको सार्वजनिक खर्च व्यवस्थापनमा देखिएका समस्या र जटिलताहरू केलाउनुहोस् । आगामी दिनमा सार्वजनिक खर्च प्रणालीलाई सुदृढ तुल्याउँदै आर्थिक समृद्धिका हिसाबले प्रतिफलजन्य तुल्याउन आवश्यक व्यवहारिक र तर्कपूर्ण सुझाव प्रस्तुत गर्नुहोस् । १५

२. सार्वजनिक प्रशासनको विकासक्रमलाई उन्नाइसौं शताब्दिको उत्तरार्द्धदेखि एक्काइसौं शताब्दिको शुरुवातसम्म विभिन्न कालखण्ड (Regimes) मा विभाजन गर्ने गरिन्छ । म्याक्सवेबरले प्रतिपादन गरेको र उड्रोविल्सनले थप व्याख्या गरेको 'सार्वजनिक प्रशासन (PA)', सन् १९६० को दशकमा विकसित 'नयाँ सार्वजनिक प्रशासन (NPA)', सन् १९७० देखि बीसौं शताब्दिको अन्तसम्म निकै चर्चित 'नयाँ सार्वजनिक व्यवस्थापन (NPM)' र एक्काइसौं शताब्दिको शुरुदेखि नै चर्चामा आएको 'नयाँ सार्वजनिक शासन (NPG)' लाई सार्वजनिक प्रशासनले मारेको आयामिक फड्कोको रूपमा लिन सकिन्छ । यी सबै अवधारणाहरूमा कर्मचारीको भूमिका, राजनीति र प्रशासनको अन्तरसम्बन्ध र सेवाग्राही नागरिकप्रति गर्ने व्यवहारलाई फरक फरक रूपमा हेरिएको पाइन्छ । प्रस्तुत सन्दर्भहरूको विश्लेषण गर्दै 'नयाँ सार्वजनिक शासन (NPG)' ले वकालत गरेको सञ्जालीकृत शासन (Network Governance) का सम्बन्धमा चर्चा गर्नुहोस् । साथै नेपालको सार्वजनिक सेवा प्रवाहमा नागरिक संलग्नता तथा स्वामित्वका सम्बन्धमा देखिएका समस्याहरू पहिचान गर्दै ती समस्याको समाधान गर्न उपयुक्त सुझावहरू प्रस्तुत गर्नुहोस् । २०

३. राष्ट्रिय अर्थतन्त्रलाई प्रतिस्पर्धी, सुदृढ तथा रोजगारोन्मूख बनाउन र उत्पादकत्व वृद्धि गरी आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धन र पूर्वाधार विकास गर्न, वस्तु तथा सेवाको उत्पादनमा विदेशी पूँजी, प्रविधि र लगानीलाई आकर्षित गर्ने उद्देश्यले नयाँ औद्योगिक व्यवसाय ऐन, २०७३ र विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ जारी भए । सो बमोजिम औद्योगिक व्यवसाय नियमावली, २०७६ पनि जारी भयो । विश्व बैंकद्वारा प्रकाशित Doing Business Report, 2020 मा नेपालले व्यावसायिक वातावरण तयारीमा राम्रो प्रगति गर्‍यो । नेपाल हाल विश्वका २१० देशमध्ये ९४ औं स्थानमा छ । हाम्रा नीतिगत र प्रक्रियागत सुधार, स्थिर सरकार र शान्ति, सुरक्षाको राम्रो अवस्था हुँदाहुँदै पनि प्रत्यक्ष वैदेशिक लगानी उत्साहप्रद रूपमा आएको छैन । SAARC देशहरूमध्ये भूटान र अफगानिस्तानमा मात्र हामीभन्दा कम लगानी आएको देखिन्छ । क्षेत्रफल र जनसंख्यामा हामीभन्दा थोरै सानो श्रीलंकामा हामीमा भन्दा कयौं गुना बढि वैदेशिक लगानी भित्रिएको छ । संक्षेपमा भन्नुपर्दा सन् २०३० सम्ममा 'दिगो विकास लक्ष्य' र नेपाल सरकारले लिएको 'समृद्ध नेपाल, सुखी नेपाली' को लक्ष्य हासिल गर्न वैदेशिक लगानी बढाउनु अत्यावश्यक नै छ ।

उल्लिखित सन्दर्भमा नेपालमा अपेक्षाकृत रूपमा वैदेशिक लगानी भित्रिन नसक्नुमा देखिएका समस्याहरू पहिचान गरी समाधानका लागि कुन कुन क्षेत्रमा के कस्तो सुधार गर्नुपर्ने देख्नुहुन्छ? ठोस सुझाव प्रस्तुत गर्नुहोस् । २०

४. नेपालको संविधान बमोजिम राज्यशक्तिको बाँडफाँट संघ, प्रदेश र स्थानीय तहमा गरिएको छ । संविधानको अनुसूची ५ देखि ९ सम्म यी तीन तहको एकल र साझा (Concurrent) अधिकारको सूची उल्लेख गरिएको छ । अवशिष्ट अधिकार भने संघीय सरकारमै रहेको छ । संघीय कानून बमोजिम सामाजिक, सांस्कृतिक संरक्षण वा आर्थिक विकासका लागि विशेष संरक्षित वा स्वायत्त क्षेत्र कायम गर्न सकिने संवैधानिक व्यवस्था भए तापनि यी विषयका सम्बन्धमा संघीय कानून बन्न सकेको छैन । संविधानले अधिकारको बाँडफाँटको व्यवस्था गरेको आधारमा कार्य जिम्मेवारीमा थप स्पष्ट पार्न उच्चस्तरीय संघीयता कार्यान्वयन तथा प्रशासनिक पुनः संरचना निर्देशक समितिको

(१)

क्रमशः

निर्णय अनुसार कार्य विस्तृतीकरण प्रतिवेदन तयार भई उक्त प्रतिवेदनलाई नेपाल सरकारले करिब ३ वर्षअघि नै स्वीकृत गरेको थियो । सो प्रतिवेदनले संघका लागि ८७३, प्रदेशका लागि ५६७ र स्थानीय तहका लागि ३५५ गरी कुल १७९५ कार्यजिम्मेवारी तय गरेको थियो ।

अधिकार मेरो तहसम्म अर्थात् मलाई धेरै अधिकार (Bigger Slice of the Pie) भन्ने होड एकातिर छ भने अर्कोतिर अधिकारको प्रयोगबाट जनतालाई अपेक्षित प्रतिफल दिन नसकिएको तथ्य पनि हाम्रो सामु प्रष्ट छ । संघीय सरकार संघीयताको प्रमुख कार्यान्वयनकर्ता हो । केन्द्रका अधिकार प्रदेश तथा स्थानीय तहमा लैजाने विकेन्द्रित उपागम (Decentralized Approach) हाम्रो संघीयताको विशेषता हो, तापनि अधिकारको प्रष्ट बाँडफाँट गरी कार्यसम्पादन गराउनुको सट्टा संघीय कानूनले अधिकार केन्द्रित गर्न खोजेको आरोप प्रदेश तथा स्थानीय तहले लगाउने गरेका छन् ।

यस सन्दर्भमा तहगत सरकारका बीच कार्यजिम्मेवारी किटान (Role delineation) मा देखिएका समस्याहरूको विश्लेषण गर्दै यसको बहुआयामिक प्रभाव तथा असरका आधारमा ती समस्या समाधान गर्न उपयुक्त सुझाव प्रस्तुत गर्नुहोस् । २०

५ तपाई प्रमुख प्रशासकीय अधिकृतको रूपमा खटिई गएको नगरपालिका क्षेत्रमा तीव्ररूपमा शहरीकरण भइरहेको छ । हिमाली तथा पहाडी भेगबाट त्यस नगरक्षेत्रमा औपचारिक/अनौपचारिक रूपमा बसाइ सरी आउनेहरूको संख्या पनि दिनानुदिन बढ्दो क्रममा छ । नगरपालिकाभित्र सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरूको स्तर खस्केको छ । संख्यात्मक रूपमा विद्यालयहरू पर्याप्त देखिन्छन तर ती विद्यालयहरूमा आधारभूत सुविधाहरू उपलब्ध छैनन र शैक्षिक वातावरण बिग्रदै गइरहेको अवस्था छ । स्वास्थ्य चौकी तथा शहरी स्वास्थ्य केन्द्रहरू पनि न्यून क्षमता र कमजोर पूर्वाधार रहेको अवस्थामा छन । स्वास्थ्यकर्मीहरू पदीय जिम्मेवारी भन्दा आफ्नो व्यक्तिगत कार्यमा बढी तल्लीन रहने गरेका छन । बालबालिकाको लागि आवश्यक सेवा भरपर्दो तरिकाले प्रवाह गर्न सकिएको छैन । नगरपालिकाभित्र सडकको अवस्था दयनीय छ । आवश्यकता र प्राथमिकताभन्दा पनि निर्वाचित जनप्रतिनिधिहरूले निर्वाचनमा आफूलाई सहयोग गर्ने स्थानीय प्रभावशाली व्यक्तिहरूको इसारामा नयाँ सडक निर्माणको योजना तर्जुमा गर्ने होडबाजी छ । मौजूदा सडकहरू पनि सरोकार निकायहरू बीचको समन्वयको अभावको कारण समय समयमा तोडिने, फुटाइने गरिएका छन् । सडक निर्माणका क्रममा ढल निर्माणको कार्य नगरिएको हुँदा बनेका सडकको स्थिति झन बिग्रन जाँदा दुर्घटनाको जोखिम उच्च रहेको छ । साँझ-बिहान सडक बत्तीको अभावमा नगरवासीहरूले असुविधा खेप्नुको साथै असुरक्षित महसुस गरिरहेका छन् ।

बढ्दो जनघनत्व, अव्यवस्थित बसोबास, अप्रभावकारी फोहरमैला व्यवस्थापन, चोरी, डकैती, लुटपाट जस्ता घटनाहरूले नगरवासीहरू छिटोभन्दा छिटो नगरलाई सुविधा सम्पन्न बनाउन एवं शान्ति सुरक्षाको अवस्था सुनिश्चित पार्न तपाईको कार्यालयमा दैनिकजसो जुलुस आउने र धर्ना बस्ने गरेका छन । नगरप्रमुख/उपप्रमुख लगायतका निर्वाचित जनप्रतिनिधिहरू प्रायः गोष्ठी, सेमिनार र अवलोकन भ्रमणको बहानामा नगरक्षेत्रबाहिर जाने प्रवृत्ति विद्यमान छ । नगरकार्यपालिकामा हाल कार्यरत कर्मचारीहरू बीच सौहार्द सम्बन्ध कायम नहुँदा कार्यवातावरण पनि अनुकूल रहेको छैन । विकास निर्माण तथा मर्मत सम्भारका कार्यहरूलाई अगाडि बढाउनको लागि निर्वाचित जनप्रतिनिधिहरूले आफ्नो इच्छा अनुसार नहुने देखेमा बैठक नै छोडी हिंड्ने प्रवृत्ति रहेको छ र यस प्रवृत्तिलाई सशक्त पार्नमा सो नगरपालिकामा कार्यरत स्थानीय कर्मचारीहरू प्रायः सक्रिय रहने गरेका छन् । अर्कोतर्फ समस्या नै समस्याको चाङलाई समाधान गर्न नगरपालिकामा उपलब्ध साधन र स्रोतको पनि न्यूनता देखिन्छ ।

तपाईको कार्यजिम्मेवारी हेर्दा विशेष गरी प्रचलित कानून अनुरूप नगरपालिकाको सम्पूर्ण प्रशासनिक कामकारवाही गर्ने/गराउने, नगरसभा तथा नगरपालिकाको सचिव भई कार्य गर्ने एव नगरसभा तथा नगरकार्यपालिकाका निर्णयहरू कार्यान्वयन गर्ने/गराउने, नगरपालिकको पार्श्वचित्र (प्रोफाइल) अद्यावधिक गर्ने/गराउने, नगरपालिका क्षेत्रभित्रको प्राकृतिक, मानवीय, पुरातात्विक, धार्मिक, सौस्कृतिक, प्राविधिक तथा अन्य श्रोत-सम्पदाहरूको पहिचान गर्ने, लगत राख्ने तथा राजस्व लगाउने र उपयुक्त व्यवस्था गर्ने/गराउने, नगरपालिकाको राजस्व योजना तयार गरी स्वीकृत भए अनुरूप कार्यान्वयन गर्ने/गराउने, आर्थिक प्रशासन सम्बन्धी कार्य गर्ने/गराउने, सहभागितामूलक प्रक्रियाद्वारा नगरविकास योजना तर्जुमा गर्ने/गराउने र सञ्चालित योजनाहरूको नियमित सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन गर्ने/गराउने र नेपाल सरकारबाट अन्तर्राष्ट्रिय सन्धि, अभिसन्धिमा हस्ताक्षर भई नगरपालिकालाई जिम्मेवार बनाइएका विषयहरूलाई कार्यान्वयन गर्ने/गराउने जस्ता जिम्मेवारीहरू समाविष्ट रहेका छन् ।

उपर्युक्त परिप्रेक्ष्यमा नगरपालिकाबाट प्रवाह गरिने सेवालाई चुस्त, मितव्ययी र गुणस्तरयुक्तरूपमा प्रवाह गर्ने वातावरण सिर्जना गरी नगरक्षेत्रलाई एक वर्षभित्र सुरक्षित, शान्त र सुव्यवस्थित तुल्याउनको लागि सोचपत्र तयार गर्दै सो अनुरूपको रणनीतिक खाका तथा कार्ययोजना तयार गर्नुहोस् । १०+७+८=२५

(((समाप्त)))